सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह

माननीय न्यायाधीश श्री ज्ञानेन्द्र बहादुर कार्की

आदेश

०६९-WO-०७४०

विषयः उत्प्रेषण परमादेश ।

जिल्ला दैलेख, नारायण नगरपालिका, वडा नं. १ घर भै हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३४ बस्ने अधिवक्ता गोविन्द प्रसाद शर्मा "बन्दी"..... १ निवेदक

विरुद्ध

महान्यायाधिवक्ता मुक्ति नारायण प्रधान, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं १

सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं १

प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं ..... १ विपक्षी

जिल्ला सरकारी वकीलको कार्यालय, दैलेख..... १

जिल्ला प्रहरी कार्यालय, दैलेख १

महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौं १

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

म निवेदक दैलेख जिल्ला घर भै विगत दुई दशक भन्दा बढी समय देखि कानून व्यवसाय पेशामा क्रियाशील रही कानूनको शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र लोकतान्त्रिक शासन व्यवस्थाको पक्षमा उभिदै आएको छु । यसका अतिरिक्त मैले मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन, विधिको शासन र दण्डहीनताको विरुद्धमा समेत काम गर्दै

आई रहेको छु । मिति २०६१।४।२७ गते दैलेख जिल्लामा हत्या गरिएका पत्रकार डेकेन्द्रराज थापाकी पत्नी लक्ष्मी थापाको जाहेरीबाट शुरु भएको ज्यान मुद्दामा प्रहरी अनुसन्धान स्थगन गर्न विपक्षी महान्यायाधिवक्ता तथा प्रधानमन्त्री डा. बाबुराम भट्टराईले गरेको निर्देशनले नेपालको अन्तरिम संविधान, २०६३ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को मूल्य मान्यता र प्रावधानहरुको उल्लंघन भै स्वतन्त्र न्यायपालिकाको अवधारणामा समेत प्रश्न चिन्ह खडा भएकोले सो कार्यबाट मुलुकमा दण्डहीनताले थप प्रश्रय पाई विधिको शासनको उपहास गरेकोले यो विषय सार्वजनिक सरोकारको विषय समेत भएको हुँदा र यसमा म समेतको सरोकार रहन गएकोले सो निर्णय बदर गराउने अन्य वैकल्पिक र प्रभावकारी उपचारको अभावमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) समेतका आधारमा प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु ।

डेकेन्द्रराज थापा रेडियो नेपालको दैलेख सम्वाददाता तथा दैलेख बजारको खानेपानी उपभोक्ता समितिको अध्यक्ष समेत हुनुहुन्थ्यो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीका कार्यकर्ताहरुले दैलेख बजारमा आउने खानेपानीको पाईप काटी पानी आपूर्ति बन्द गराएकोले सो विषयमा सो पार्टीका कार्यकर्ताहरुसँग छलफल गर्न भनी मिति २०६१।३।१२ गते विहान अन्दाजी ५ बजेको समयमा दैलेख नारायण नगरपालिका वडा नं.६ बस्ने कमल न्यौपानेसँग नौमुलेतर्फ जानु भएकोले सोही दिउँसो माओवादीले अपहरण गरी मिति २०६१।४।२७ गते ने.रा.प्रा.वि. द्वारी दैलेख (हाल मा.वि) स्कुलको कोठामा यातना दिई हत्या गरेको कुरा सो पार्टीका तत्कालीन जिल्ला सचिव रणजीत उपनामका लछिराम घर्तिको हस्ताक्षरित विज्ञप्तिबाट जानकारी हुन आएको थियो । यस विषयमा डेकेन्द्रराज थापाकी पत्नी श्रीमती लक्ष्मी थापाले मिति २०६५ साल भदौं ६ गते दैलेख कट्टी गा.वि.स. वडा नं. १ बस्ने बमबहादुर खड्का, ऐ. द्वारी गा.वि.स. वडा नं.१ बस्ने लछिराम घर्ती, ऐ. छिउडी पुसाकोट गा.वि.स. बस्ने केशव खड्का समेतका उपर जिल्ला प्रहरी कार्यालय दैलेखमा किटानी जाहेरी दरखास्त दर्ता गराउनु भएको थियो । जाहेरी दर्ता भएको ४ वर्ष भन्दा बढी समय व्यतीत भै सक्दा समेत अभियुक्त पत्ता लगाउने, पक्राउ गर्ने लगायत अनुसन्धान र तहकिकात हुन नसकेकोले प्रभावकारी अनुसन्धान गरी दोषी देखिएका व्यक्तिहरुलाई सम्बन्धित कसूर अपराधमा मुद्दा चलाउनु र पीडितलाई परिपुरण

लगायत प्रभावकारी उपचार प्रदान गरी पाउन परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग दावी सहित जाहेरवाला लक्ष्मी थापाले मिति २०६९।८।२७ गते पुनरावेदन अदालत सुर्खेतमा परमादेशको रीट निवेदन दर्ता गराउनु भएकोमा मिति २०६९।८।२८ गते पुनरावेदन अदालत सुर्खेतबाट विपक्षी जिल्ला प्रहरी कार्यालय दैलेख र जिल्ला सरकारी वकील कार्यालय दैलेखका नाउँमा कारण देखाउ आदेश जारी भएपछि मिति २०६९।९।२० गते जिल्ला प्रहरी कार्यालय दैलेखले उक्त हत्यामा संलग्न भएको आरोपमा लक्षिराम घर्तीलाई र ऐ. २१ गते हरिलाल पुन मगर, विरबहादुर के.सी., निरकबहादुर घर्ती मगर र जयबहादुर समेतलाई पक्राउ गरी दैलेख जिल्ला अदालतबाट कानून बमोजिम म्याद थप गरी मुद्दाको अनुसन्धान गरी रहेको थियो ।

विपक्षी प्रधानमन्त्री तथा महान्यायाधिवक्ताले उक्त घटनामा पक्राउ परेका व्यक्तिहरुको बयान नलिन र अनुसन्धानको कार्य रोक्न निर्देशन दिएको कुरा मिति २०६९।९।२७ गतेको कान्तिपुर दैनिकमा प्रकाशित भएको थियो । विपक्षीहरुको मौखिक निर्देशनका बाबजुद पनि अनुसन्धान अधिकृत र दैलेख जिल्लाका सरकारी वकीलले उक्त अनुसन्धान जारी नै राखेका र अनुसन्धान रोक्नु पर्ने हो भने लिखित निर्देशन चाहिने अडान लिएकाले विपक्षी महान्यायाधिवक्ता मुक्ति नारायण प्रधानले महान्यायाधिवक्ता कार्यालयको नाउँबाट मिति २०६९।९।२७ गते लक्ष्मी थापाको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी लक्षिराम घर्ती मगर समेत भएको मुद्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ध) र तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ ले संक्रमणकालीन न्याय व्यवस्थापनको दायित्व निर्वाह गर्न गठन हुने सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकार भित्र पर्ने हुँदा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा प्रचलित कानून बमोजिम अभियोजन तथा अनुसन्धान प्रक्रिया अगाडि बढाउन नमिल्ने भएकोले जिल्ला सरकारी वकील कार्यालय दैलेख तथा पुनरावेदन सरकारी वकील कार्यालय, सुर्खेतलाई उक्त अनुसन्धान तथा अभियोजन कार्य रोक्न निर्देशन दिने भन्ने नै मुख्य विषय रहेको एक निर्देशनात्मक पत्र प्रहरी प्रधान कार्यालयलाई पठाईएको रहेछ ।

विपक्षी प्रधानमन्त्री एवं महान्यायाधिवक्तालाई फौजदारी मुद्दाको अनुसन्धान रोक्ने अधिकार कुनै कानूनले प्रदान गरेको छैन । विपक्षी प्रधानमन्त्री तथा महान्यायाधिवक्ता मानव

अधिकार उल्लंघनका घटनामा पीडितहरुलाई प्रभावकारी उपचार प्रदान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले निर्धारण गरेका दायित्व निर्वाह गर्ने संवैधानिक पदाधिकारी हुन । मानव अधिकारको उल्लंघनको प्रभावकारी उपचार सुनिश्चित गर्ने दायित्व भएका यी विपक्षीहरुबाट फौजदारी मुद्दाको अनुसन्धान कार्यलाई रोक्न गरेको पत्राचार विपक्षीको संवैधानिक तथा कानूनी दायित्व प्रतिकूल भै महान्यायाधिवक्ताको कार्यालयले मिति २०६९।९।२७ मा लेखेको उक्त पत्र गैरकानूनी एवं बदरभागी छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) अनुसार महान्यायाधिवक्ताले कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार राख्दछन् । उक्त धारा १३५ (२) बमोजिमको अधिकार धेरै पहिले देखि नै सम्बन्धित जिल्ला र पुनरावेदन सरकारी वकीलहरुमा प्रत्यायोजन गरिएको छ र त्यसैका आधारमा मातहतका सरकारी वकीलले सो अधिकार प्रयोग गरी विभिन्न अदालतमा मुद्दा दायर गर्ने काम गर्दछन् । प्रत्यायोजित अधिकार विपक्षी महान्यायाधिवक्ताले फिर्ता लिनु भएको पनि छैन । आफूले प्रत्यायोजन गरेको अधिकार फिर्ता नलिई सोझै प्रयोग गर्न नसकिने हुँदा उक्त पत्रको कानूनी अस्तित्व शुन्य सरह छ र यस्तो गैर कानूनी निर्देशन मान्न अन्य विपक्षीहरु बाध्य छैनन् । जहाँसम्म महान्यायाधिवक्ताको कार्यालयको पत्रमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को (ध), विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ र सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदक तत्कालीन संविधानसभा सदस्य केशव राई विरुद्ध ओखलढुङ्गा जिल्ला अदालत समेत भएको उत्प्रेषण मुद्दामा निवेदक केशव राईलाई पक्राउ नगर्नु/नगराउनु भनी अन्तरिम आदेश जारी भएको विषय सम्मानित अदालतको मिति २०६८।३।७ को संयुक्त इजलासबाट रिट नं १०९४ मा व्याख्या भै निरोपित भै सकेको छ । प्रस्तुत सन्दर्भमा महान्यायाधिवक्ताको उक्त कार्य राज्यको अनुसन्धान गर्नुपर्ने दायित्व तथा सार्वजनिक हितका लागि न्यायको प्रत्याभूति गर्ने दायित्वबाट विमुख भएको पाईन्छ ।

माथि प्रकरणहरुमा उल्लेखित तवरबाट विपक्षीहरुले संविधान र प्रचलित कानून विरुद्ध आफ्नो पदीय हैसियत दुरुपयोग गरी गैरकानूनी ढंगबाट अपराध अनुसन्धानमा बाधा पुऱ्याउने र अनुसन्धान नै रोकेर कानूनको ठाडो उल्लंघन गर्ने काम गरेकोले नेपालको अन्तरिम संविधान,

२०६३ को धारा १०७(२) बमोजिम महान्यायाधिवक्ताको कार्यालयको मिति २०६९।९।२७ मा लेखेको उक्त पत्रमा उल्लेखित २०६९।९।२६ को निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ र अन्य विपक्षीहरुलाई सरकारी मुद्दा सम्बन्धी ऐनले तोकेको आफ्नो दायित्व पूरा गर्न परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाऊँ । महान्यायाधिवक्ताको कार्यालयले मिति २०६९।९।२७ मा लेखेको उक्त पत्र प्रस्तुत मुद्दाको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु र जिल्ला अदालतको अनुमतिले अनुसन्धान प्रक्रिया अघि बढी रहेका कार्यलाई हस्तक्षेप नगर्नु नगराउनु भनी अन्तरिम आदेश समेत जारी गरीपाउँ भन्ने समेत व्यहोराको निवेदक गोविन्द प्रसाद शर्मा "बन्दी" को यस अदालतमा पर्न आएको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारण भए यो सूचना प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरुका नाममा सूचना पठाई लिखित जवाफ परेपछि वा पर्ने अवधि नाघेपछि नियम बमोजिम पेश गर्नू ।

यसमा अन्तरिम आदेश समेतको माग भएको देखिएकोले सो सम्बन्धमा विचार गर्दा पत्रकार डेकेन्द्र थापाको पत्नी लक्ष्मी थापाको जाहेरीबाट डेकेन्द्र थापाको हत्या सम्बन्धमा अनुसन्धानको सिलसिलामा लछिराम घर्तीसमेतका व्यक्तिहरुलाई दैलेख जिल्ला अदालतको अनुमतिले हिरासतमा राखिएको भन्ने निवेदन व्यहोरा समेतबाट देखिएको छ । सो अघि उपरोक्त जाहेरी बमोजिम हुन पर्ने अनुसन्धान नभएको भन्दै प्रभावकारी उपचारको लागि पुनरावेदन अदालत सुर्खेतमा परमादेशको लागि जाहेरवालाको निवेदन परी कारण देखाउ आदेश जारी भई विचाराधीन रहेको अवस्था देखिन्छ । सोही बीच विवादित २०६९।०९।२७ को पत्र महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको अवस्था छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ ले महान्यायाधिवक्तालाई विभिन्न अधिकार सुम्पेको छ र सो मध्ये उक्त संविधानको उपधारा (२) बमोजिम यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई

हुने कुरा उल्लेख भएको पाइन्छ । उक्त अधिकार समेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ (६) बमोजिम मातहत अधिकृतलाई सुम्पन सक्ने समेतको व्यवस्था गरिएको देखिन्छ । सोही बमोजिम मातहतको सरकारी वकीलहरुले अभियोजन गरी आएको पाइन्छ । त्यसरी प्रत्यायोजित अधिकार फिर्ता ग्रहण गरेको अवस्था नहुँदा सो अवस्थासम्म प्रत्यायोजित अधिकार अन्तर्गत सम्बन्धित सरकारी वकीलले अधिकार प्रयोग गर्न सक्ने नै देखिन्छ । कानूनमा स्पष्ट रुपमा व्यवस्था गरिएको तरिका वा अवस्थामा बाहेक अभियोजनकर्ता सरकारी वकीलको नियमित काममा माथिल्लो निकायसमेतले हस्तक्षेप गर्न मिल्ने अवस्था कानूनमा उल्लेख गरेको देखिंदैन ।

त्यसको अतिरिक्त प्रस्तुत ज्यान मुद्दाको वारदात सम्बन्धमा जाहेरी परी शंकित व्यक्तिहरु पक्राउ परी जिल्ला अदालतको अनुमतिले थुनामा राखी अनुसन्धान जारी भएको अवस्थासम्म देखिन्छ । अपराधको अनुसन्धान पुरा भई अभियोजनको लागि प्रस्तुत नभएसम्म अभियोजन चरण नै प्रारम्भ हुँदैन । अपराध अनुसन्धानको चरणमा सरकारी मुद्दा सम्बन्धी ऐन बमोजिम तत्काल गर्नुपर्ने कुराहरु रोकेर वा अन्य कुनै तरिकाले अवरोध गरेर अनुसन्धान प्रभावित गर्न पनि हुँदैन । अदालतको अनुमति बमोजिम हुन लागेको वा भईरहेको अनुसन्धानमा कुनै पनि प्रकृतिको अवरोध भएमा न्यायको अन्तिम परिणाम समेत फरक पर्न सक्ने अवस्था आउँछ । त्यस्तो कार्यबाट न्यायमा अवरोध नआओस् भनी यस अदालत सचेत रहनुपरेको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम अपराध अनुसन्धानको सारभूत जिम्मेवारी प्रहरीलाई सुम्पेकोले सो जिम्मेवारी पूरा गर्न उक्त संगठन तदारुक रहनुपर्ने हुन्छ भने प्रहरी अनुसन्धानको सिलसिलामा पक्राउ परी अदालतबाट हिरासतमा लिन समेत अनुमति दिएको अवस्थामा कानून बमोजिम अपराध सम्बन्धमा प्रहरी कर्मचारीले बयान लिनु पर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ९ बमोजिम सरकारी वकीलको रोहबरमा बयान लिन पर्ने सम्मको व्यवस्था भएको देखिन्छ । सरकारी वकीलले आफूसमक्ष बयानको लागि प्रस्तुत गरेको अवस्थामा कुनै गैरकानूनी व्यवहार हुन नदिने बाहेक आफ्नो उपस्थिति नै इन्कार गरी बयान लिन नसकिने स्थिति सिर्जना गरी अनुसन्धान प्रभावित गर्न दिन मिल्ने पनि देखिंदैन ।

अपराध अनुसन्धानको स्वभाविक परिणाम स्वरुप कानून बमोजिम अभियोजन गर्ने र न्यायिक प्रक्रियाको सबै चरण पार गरेर न्याय सम्पादनले पूर्ण रुप पाउने कुरा सर्वविदितै छ । अपराध अनुसन्धान कसैको पक्ष वा विपक्षमा कुनै प्रायोजित परिणाम ल्याउने दृष्टिकोणले अपराध अनुसन्धान गर्न मिल्दैन र त्यस्तो हिसाबले निर्देशित गर्न वा गराउन पनि मिल्दैन । अपराध अनुसन्धानको एउटै अभिष्ट न्याय हो । अपराध अनुसन्धान एउटा व्यावसायिक, वैज्ञानिक र स्वतन्त्र कानूनी प्रक्रिया हो, त्यसमा नै विश्वास नगर्ने वा गर्न नदिने हो भने न्यायको जगैदेखि खलबली उत्पन्न हुन सक्छ, त्यस्तो कुरा एउटा लोकतान्त्रिक र सभ्य कानून प्रणालीले कुनै पनि न्यूनतम् हदसम्म पनि सहन गर्न सक्दैन । त्यसैले प्रारम्भिक चरणमा रहेको अनुसन्धान प्रक्रियामा महान्यायाधिवक्ताको कार्यालयको सम्पूर्ण सहयोग र साथ अपेक्षित रहनेमा पत्रमा उल्लिखित जस्तो कुनै कारणहरु उल्लेख गरी सरकारी वकीलले अनुसन्धानको चरणमा कानून बमोजिम सहभागी हुनुपर्ने अवस्थामा सहभागी नहुन, संलग्न नहुन तथा अभियोजन प्रक्रिया अगाडि नबढाउने हिसाबले कुनै काम गर्न मिल्ने देखिंदैन । सफल अनुसन्धान अभियोजनबाट प्राप्त हुने लाभ कुनै खास पक्षको विरुद्ध लक्षित नरहने भई स्वच्छ र स्वतन्त्र हुने हुनाले सम्बन्धित सबैले सहृदयताका साथ सहयोग गर्नुपर्ने अपेक्षा गरिन्छ । अभियोजनको लागि पेश नै नगरिएको अवस्थामा प्रहरी अनुसन्धानको चरणमा नै रहँदा अनुसन्धान र अभियोजन अघि बढाउन नमिल्ने भनी अग्रिम रुपमा त्यसमा पनि स्वयम् महान्यायाधिवक्ताको कार्यालयबाट प्रहरी प्रधान कार्यालयमा पत्राचार गरेको र सो पत्रमा लिइएका आधारहरु संविधान, कानून र फौजदारी न्यायका आधारभूत सिद्धान्तसँग नै मेल खाएको भन्न प्रथम दृष्टिमा नै नमिलेकोले उक्त मिति २०६९।०९।२७ को महान्यायाधिवक्ताको कार्यालयबाट प्रहरी प्रधान कार्यालयलाई सम्बोधित पत्र कार्यान्वयन नगर्नु, रोक्नु, कानून विपरीत अनुसन्धानमा अवरोध हुने कुनै कुरा प्रत्यक्ष वा परोक्ष रुपमा समेत नगर्नु । विपक्षी जिल्ला प्रहरी कार्यालय दैलेख एवं जिल्ला सरकारी वकील कार्यालय दैलेखले संविधान वा कानून बमोजिम गर्नुपर्ने कार्य कुनै कारणले पनि नरोक्नु, रोक्न नदिनु, कुनै गैरकानूनी अवरोध भए यस अदालतमा प्रतिवेदन गर्नु सो काममा नेपाल सरकार लगायतले जिम्मेवारीपूर्वक सहयोग गर्नु भनी विपक्षीहरुको नाममा सर्वोच्च अदालत

नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको मिति २०६९।१०।२ को आदेश ।

यस अदालतबाट विपक्षीहरुका नाउँमा मिति २०६९।१०।२ मा जारी भएको अन्तरिम आदेश बदर गरी पाउँ भनी विपक्षी प्रधानमन्त्री डा. बाबुराम भट्टराई र महान्यायाधिवक्ता मुक्ति नारायण प्रधानको तर्फबाट दायर क्रमशः ०६९-FN-०२९८ र ०६९-FN-०२९९ को अन्तरिम आदेश रद्द गरिपाऊँ भन्ने निवेदन मिसिल सामेल रहेछन् ।

नेपालमा लामो समयसम्म चलेको द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न मिति २०६३।८।५ मा सम्पन्न विस्तृत शान्ति सम्झौता वर्तमान संविधानको आधारभूत जग हो । २०५२ साल फागुन १ देखि शुरु भएको सशस्त्र द्वन्द्वको क्रममा धेरै व्यक्तिले ज्यान गुमाएको, घाईते र अंगभंग भएको, वेपत्ता पारिएको अवस्था छ । सशस्त्र द्वन्द्वकालमा भएका मानव अधिकार र मानवीय कानून उल्लंघनका घटना एवं गल्ती कमजोरीलाई राज्यले न्यायिक र व्यावहारिक दृष्टिकोणबाट सम्बोधन गर्नु पर्ने हुन्छ । नियमित फौजदारी न्याय प्रणालीबाट संक्रमणकालीन न्यायको यो उद्देश्य पुरा गर्न सकिदैन । द्वन्द्वकालमा घटेका घटनालाई संक्रमणकालीन न्यायको दायरामा ल्याउने उद्देश्यले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को (ध) मा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने राज्यको दायित्व निर्धारण गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६(३) बमोजिम संविधानको महत्वपूर्ण अंगका रुपमा रहेको २०६३।८।५ मा संयुक्त राष्ट्रसंघको रोहबरमा सम्पन्न भएको विस्तृत शान्ति सम्झौता समेत पालन गर्नुपर्ने सरकारको दायित्व अर्न्तगत पर्दछ ।

अन्तर्राष्ट्रिय मानवीय कानूनको रुपमा रहेको जेनेभा महासन्धिलाई नेपालले सन् १९६४ फेब्रुअरी ७ मा सम्मिलन गरी सकेको अवस्थामा नेपाल समेत सन्धिको पक्ष राष्ट्र भएकोले कानून बनाउनु पर्ने दायित्वबाट अलग रहन मिल्दैन । त्यसै गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को (ध) ले निर्धारण गरेको दायित्व अनुरुप राजाराम ढकाल विरुद्ध सम्माननीय प्रधानमन्त्री समेत भएको (ने.का.प.२०६०, अंक ९/१०, नि.नं.७२७४, पृष्ठ ७८१) परमादेशको रिट, राजेन्द्रप्रसाद ढकाल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०६४, अंक २, नि.नं. ७८१७, पृष्ठ १६९) भएको बन्दीप्रत्यक्षीकरणको रिट र

लिलाधर भण्डारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प.२०६५, अंक ९, नि.नं. ८०१२, पृष्ठ १०८६) भएको परमादेशको रिटमा सरकारका नाममा जारी भएका आदेश समेतका आधारमा नेपाल सरकारले व्यवस्थापिका संसद समक्ष सत्य निरुपण तथा मेलमिलाप आयोग गठन सम्बन्धी विधेयक पेश गरिएको थियो । विधेयक पारित नहुँदै संविधानसभाको कार्यकाल समाप्त भएकोले उक्त आयोग सम्बन्धमा अध्यादेश जारी गर्न संविधानको धारा ८८(१) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत भई हाल विचाराधीन रहेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता सम्बन्धी आयोग बनाई सशस्त्र द्वन्द्वकालका घटनालाई विशेष कानूनी दायराबाट समाधान गर्नुपर्नेमा त्यस्ता घटनालाई एक एक छानेर पृथक गर्ने र नियमित न्याय प्रणालीबाट समाधान खोज्नु मिति २०६३।८।५ मा सम्पन्न भएको विस्तृत शान्ति सम्झौता समेतको उल्लंघन हुन जान्छ । द्वन्द्वकालका घटनालाई संविधानको मर्म र राज्यको दायित्व अनुरुप सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यक्षेत्र अन्तर्गत पर्ने र नियमित फौजदारी न्याय प्रणाली अन्तर्गत नपर्ने स्पष्ट छ ।

निवेदनमा उल्लेखित द्वन्द्वकालको घटनाको अनुसन्धान तथा अभियोजन सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालय दैलेखले पत्रद्वारा निर्देशन माग गरिएको थियो । महान्यायाधिवक्ताले संविधानको मर्म, भावना र संविधान प्रदत्त दायित्वबाट विमुख हुने गरी सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारमा पर्ने विषयलाई नियमित न्याय प्रणाली अन्तर्गत पर्ने भनी राय परामर्श दिनु सर्वथा उचित एवं संविधानसम्मत समेत नहुने हुँदा मिति २०६९।९।२६ को निर्णय कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालयबाट जिल्ला सरकारी वकील कार्यालय दैलेख लगायत सो को प्रशासकीय नियन्त्रण समेत गर्ने पुनरावेदन सरकारी वकील कार्यालय सुर्खेत र अनुसन्धान तहकिकातको कार्यमा संलग्न जिल्ला प्रहरी कार्यालय दैलेखको तालुक कार्यालय प्रहरी प्रधान कार्यालयका नाममा मिति २०६९।९।२७ मा पत्र लेखिएको हो ।

यस्तो पत्र लेखी निर्देशन दिन सक्ने अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १०(च) ले महान्यायाधिवक्तालाई सुम्पेको हुँदा त्यसरी पत्रबाट निर्देशन दिँदा

प्रत्यायोजित अधिकारको प्रतिसंहरण गरेको भन्न मिल्दैन । सो पत्र समेत संविधान र कानूनले तोकेको जिम्मेवारी अनुरुपकै कार्य भएकोले रिट निवेदन खारेजभागी छ । तसर्थ द्वन्द्वकालका घटनालाई समग्रतामा हेरी कानूनी र संस्थागत संरचनाबाट समाधान गर्ने सरकारको उद्देश्य भएकोले महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०६९।९।२७ मा लेखिएको पत्रले संविधान र कानून बमोजिमको दायित्व उपेक्षा गरेको नभई पदीय दायित्व अनुरुप कार्य गरेको हुँदा निवेदकको कुनै हक हनन भएको छैन । रिट निवेदन माग बमोजिमको आदेश समेत जारी गर्नुपर्ने अवस्था छैन । रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी महान्यायाधिवक्ता कार्यालय र महान्यायाधिवक्ता मुक्ति नारायण प्रधानको तर्फबाट यस अदालतमा पेश भएको संयुक्त लिखित जवाफ ।

मिति २०६५।५।६ मा लक्ष्मी थापाले जिल्ला प्रहरी कार्यालय, दैलेखमा दिएको जाहेरी दरखास्तमा मिति २०६१।४।२७ मा पति डेकेन्द्र थापाको हत्या गरिएको भनी उल्लेख गरेको देखिँदा उक्त घटना सशस्त्र द्वन्द्वको समयमा घटेको तथ्यमा विवाद छैन । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नेतृत्वमा २०५२ साल फागुन १ गतेबाट प्रारम्भ भएको जनयुद्धको क्रममा हजारौं व्यक्तिहरु मारिएको, बेपत्ता पारिएको र घाईते भएको यथार्थ प्रति सिंगो मुलुक नै परिचित छ । मिति २०६३ साल मंसीर ५ मा नेपाल कम्युनिष्ट पार्टी माओवादी र नेपाल सरकार बीच सम्पन्न विस्तृत शान्ति सम्झौताका आधारभूत मूल्य र मान्यताहरुलाई वर्तमान अन्तरिम संविधानको प्रस्तावनामा नै लिपिबद्ध गरिएको छ । यसका साथै वर्तमान संविधानको धारा १६६ को उपधारा (३) र अनुसूची ४ ले विस्तृत शान्ति सम्झौतालाई संविधानको अभिन्न भागको रुपमा समाहित गरेको छ । त्यसैले वर्तमान संविधानको व्याख्या गर्दा विस्तृत शान्ति सम्झौताको व्याख्या, मर्म र भावनालाई हेरिनु पर्ने हुन्छ ।

विस्तृत शान्ति सम्झौताको ५.२.५ र संविधानको धारा ३३ को (ध) ले सशस्त्र द्वन्द्वको क्रममा गम्भीर मानव अधिकार उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने व्यवस्था गरेको छ । सशस्त्र द्वन्द्वका समयमा घटेका मानव अधिकारको उल्लंघन सम्बन्धी घटनाहरु सत्य निरुपण

तथा मेलमिलाप आयोगको क्षेत्राधिकारअर्न्तगत पर्ने हुँदा त्यस्ता घटनाका सम्बन्धमा अन्य सामान्य अवस्थाका घटनाहरुको सम्बन्धमा आकर्षित हुने नियमित फौजदारी न्याय प्रणाली प्रयोग हुन सक्दैन । फौजदारी कानून अनुसार अनुसन्धान, अभियोजन र न्यायिक कारवाही गरिने हो भने संविधान बमोजिम स्थापित हुने सत्य निरुपण तथा मेलमिलाप आयोग माथि नै प्रश्न चिन्ह उठ्ने र कुनै व्यक्तिलाई एकै कसूरको हकमा एक पटक भन्दा बढी कारवाही सजाय गरिने छैन भन्ने दोहोरो खतराको सिद्धान्तको समेत उल्लंघन हुन जाने हुन्छ । विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको व्यवस्था बमोजिम सशस्त्र द्वन्द्वमा घटेका गम्भीर मानव अधिकार उल्लंघन सम्बन्धी घटनाहरुको सम्बन्धमा उच्चस्तरीय सत्य निरुपण र मेलमिलाप आयोग गठन गर्न अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएको छ ।

उल्लेखित प्रकरणहरुमा वर्णित विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान तथा संक्रमणकालीन न्यायको आधारभूत सिद्धान्त समेतका आधारमा द्वन्द्वकालमा भएका मानव अधिकारको उल्लंघनका घटनाहरु र मानवता विरोधी अपराधमा संलग्नहरुको सत्य निरुपणका लागि संविधान र शान्ति सम्झौताले निर्दिष्ट गरेको व्यवस्था अनुसार सत्य निरोपण तथा मेलमिलाप आयोगबाट सत्य अन्वेषण हुनुपर्ने हो । डेकेन्द्र थापाको हत्याको अनुसन्धान तथा आरोपीहरु उपरको अभियोजनमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत महान्यायाधिवक्ताको कार्यालय मातहतका जिल्ला सरकारी वकील कार्यालय संलग्न हुन नमिल्ने भन्ने निर्देशन पत्रको विषय विशुद्ध संवैधानिक र विस्तृत शान्ति सम्झौताले निर्दिष्ट गरेको संक्रमणकालीन न्याय व्यवस्थासँग प्रत्यक्ष जोडिएको र सरोकार राख्ने विषय हो । अतः अस्वाभाविक र अप्रासंगिक रुपमा द्वन्द्व अवधिका घटना सम्बन्धमा पूर्वाग्रह प्रेरित भै निवेदकले दिएको औचित्यहीन निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री बाबुराम भट्टराईको लिखित जवाफ ।

निवेदकले उल्लेख गरेको लक्ष्मी थापाको जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी जिल्ला दैलेख द्वारी गा.वि.स. वडा नं. १ बस्ने लक्षिराम घर्ती मगर समेत भएको कर्तव्य ज्यान मुद्दामा जिल्ला प्रहरी कार्यालय दैलेखबाट जिल्ला दैलेख द्वारी गा.वि.स. वडा नं. १ बस्ने लछिराम घर्ती मगर समेत जना ५ पक्राउ गरी दैलेख जिल्ला अदालतबाट मिति २०६९।९।२२ गते म्याद थप

भै पक्राउ परेका प्रतिवादीहरुलाई प्रहरी हिरासतमा राखी मुद्दा अनुसन्धानमा नै रहेकोमा पुनरावेदन सरकारी वकील कार्यालय सुर्खेतको च.नं. २४६ मिति २०६९।९।२९ को पत्रसाथ महान्यायाधिवक्ताको कार्यालयको च.नं. ८१७ मिति २०६९।९।२७ को निर्देशन पत्र प्राप्त भएकोले उल्लेखित पत्रहरुको प्रतिलिपी राखी यस कार्यालयको च.नं. १८३ मिति २०६९।९।२९ मा जिल्ला प्रहरी कार्यालय दैलेखमा पठाउने कार्य मात्र भएकोले विपक्षी निवेदकको रिट खारेजभागी हुँदा खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको जिल्ला सरकारी वकील कार्यालय दैलेखको लिखित जवाफ ।

विपक्षीले आफ्नो रिट निवेदनमा प्रहरी प्रधान कार्यालयलाई विपक्षी बनाएको भएता पनि के कुन कारणले र किन विपक्षी बनाएको भन्ने कुरा खुलाउन सक्नु भएको छैन । निवेदनको प्रकरण नं. ८ को व्यहोराबाट प्रहरी प्रधान कार्यालयको विरुद्ध निजको कुनै दावी र आरोप समेत नभएको नरहेको स्पष्ट हुन्छ । यस कार्यालयलाई विपक्षी खण्डमा नाम उल्लेख गरेको र कतै कतै गोश्वारा रुपमा विपक्षीहरुको नाममा निवेदन माग बमोजिमको आदेश जारी गरिपाऊँ भन्ने शब्दावली प्रयोग गरेको भएता पनि विपक्षीले परमादेश र उत्प्रेषणको मागको विषय बनाएको पत्र र काम कारवाहीमा प्रहरी प्रधान कार्यालयको संलग्नता नरहेको हुनाले विपक्षीको रिट निवेदन खारेज गरी फुर्सद दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ ।

जिल्ला प्रहरी कार्यालय दैलेखको नाममा जारी म्याद मिति २०६९।१०।४ मा तामेल भएकोमा सो कार्यालयबाट लिखित जवाफ प्राप्त नभएको ।

यसमा विपक्षीहरुको लिखित जवाफ परी सकेको देखिँदा पूर्ण सुनुवाईको लागि नियमानुसार पेश गर्नु भन्ने व्यहोराको यस अदालतको मिति २०६९।१२।२० को आदेश ।

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदक अधिवक्ता गोविन्द प्रसाद शर्मा 'बन्दी' तथा निवेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ताहरु हरिहर दाहाल, सतीश कृष्ण खरेल, हरि उप्रेती, श्री शशिकुमार उपाध्याय, हरिकृष्ण कार्की, रवि नारायण खनाल तथा अधिवक्ताहरु टिकाराम भट्टराई, हरि

फुयाँल, रामकृष्ण काफ्ले, राजु चापागाई र लक्ष्मी पोखरेलले निम्न बमोजिम बहस प्रस्तुत गर्नुभयो ।

रेडियो नेपालका दैलेख सम्वाददाता डेकेन्द्रराज थापालाई मिति २०६१।३।१२ मा अपहरण गरी मिति २०६१।४।२७ मा यातना दिई हत्या गरेको घटनाको सम्बन्धमा डेकेन्द्रराज थापाकी श्रीमती लक्ष्मी थापाले मिति २०६५।५।६ मा जिल्ला प्रहरी कार्यालय दैलेखमा किटानी जाहेरी दरखास्त दिएकोमा ४ वर्षसम्म अनुसन्धान तहकिकात कार्य प्रारम्भ नगरिएकोले जाहेरवाली लक्ष्मी थापाले उक्त वारादातको प्रभावकारी अनुसन्धान गर्न पुनरावेदन अदालत सुर्खेतमा दिएको परमादेश निवेदनमा कारण देखाउ आदेश जारी भएपछि मात्र अनुसन्धान कार्य प्रारम्भ गरिएको सो अनुसन्धान कार्यलाई रोक्न विपक्षी महान्यायाधिवक्ताले मिति २०६९।९।२७ गते अनुसन्धान अधिकारी तथा जिल्ला सरकारी वकीललाई निर्देशनात्मक परिपत्र जारी गरेका रहेछन । तर विपक्षी महान्यायाधिवक्तालाई त्यस्तो निर्देशन दिने अधिकार प्रचलित संविधान तथा कानूनले प्रदान गरेको छैन । विपक्षी महान्यायाधिवक्ताको उक्त कदमले फौजदारी कसूरको अनुसन्धान प्रक्रियालाई नै प्रभावित गरी न्यायमा अवरोध सृजना गर्ने काम भएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा २ ले महान्यायाधिवक्ता लाई प्रदान गरेको सरकारवादी मुद्दाको अभियोजन सम्बन्धी अधिकार उक्त संविधानको धारा १३५ को उपधारा ६ बमोजिम मिति २०६३।१०।१ मा पुनरावेदन तथा जिल्ला सरकारी वकीललाई प्रत्यायोजन गरेको अवस्थामा आफूले प्रत्यायोजन गरेको अधिकार फिर्ता नलिएसम्म त्यस्तो प्रत्यायोजित अधिकार महान्यायाधिवक्ता आफैले प्रयोग गर्न वा प्रत्यायोजित अधिकार प्राप्त गर्ने अधिकारी र अधिकार प्रत्यायोजन गर्ने अधिकारीबाट समानान्तर रुपमा एकै पटक प्रयोग हुन सक्दैन ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७(२) अन्तर्गतको मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार मात्र महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार हो भने अन्य अनुसन्धान तथा तहकिकात सम्बन्धी अधिकार र दायित्व कानूनद्वारा सरकारी वकील र प्रहरीलाई प्राप्त छ । त्यस्तो कानूनी अधिकार, कर्तव्य, जिम्मेवारीको संकुचन गर्न सक्ने अधिकार संविधान तथा प्रचलित कानूनले महान्यायाधिवक्तालाई प्रदान गरेको छैन ।

विपक्षी महान्यायाधिवक्ता तथा प्रधानमन्त्रीले निवेदनमा उल्लेखित वारदात द्वन्द्वकालीन घटना भएकोले वृहत शान्ति सम्झौताको दफा ५.२.५ एवं संविधानको धारा ३३ को (ध) बमोजिमको संक्रमणकालीन न्याय प्रबन्ध अर्न्तगत पर्ने भनी जिकिर लिएका छन । सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी कानूनको निर्माण हुन सकेको छैन । सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन रोक्न गरिएको विपक्षीहरुको गैरकानूनी हस्तक्षेपले कानूनी राज्यको अवधारणा माथि प्रहार गरी स्वेच्छाचारितालाई बल पुऱ्याएको छ । विपक्षीहरुको उक्त कदम मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ ले सृजना गरेको फौजदारी कसूरको प्रभावकारी उपचार सुनिश्चित गर्नुपर्ने राज्यको अर्न्तराष्ट्रिय दायित्व समेतको प्रतिकूल छ ।

विपक्षी मध्येका जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकील कार्यालयलाई कानूनद्वारा प्रदत्त दायित्व र जिम्मेवारी पूरा गर्नबाट महान्यायाधिवक्ताद्वारा हस्तक्षेप भएको अवस्था छ । महान्यायाधिवक्ताले संवैधानिक र कानूनी सीमा उल्लंघन गरी फौजदारी कसूरमा भई रहेको अनुसन्धानलाई हस्तक्षेप गरी कानूनी शासनको मूल्य र मान्यता प्रतिकूल कदम चालेको अवस्था हुँदा अदालतद्वारा हस्तक्षेप गरी विपक्षी महान्यायाधिवक्ताको कार्यालयको मिति २०६९।०९।२६ को निर्णय र उक्त निर्णयका आधारमा मिति २०६९।९।२७ गते प्रहरी प्रधान कार्यालय समेतलाई लेखेको निर्देशनात्मक पत्र गैर संवैधानिक एवं कानून प्रतिकूल हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुन पर्दछ । अनुसन्धान, तहकिकात र अभियोजनलाई प्रभावित गर्ने गरी महान्यायाधिवक्ताबाट भविष्यमा यस्ता क्रियाकलाप नदोहोरिने कुराको सुनिश्चितताका लागि न्यायिक सिद्धान्तको विकास गरी पाउँ भन्ने समेत बहस गर्नु भयो ।

विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री किरण पौडेल र उपन्यायाधिवक्ता श्री योगराज बरालले निम्न बमोजिम बहस गर्नु भयो ।

निवेदकले बदर गर्न माग गरेको महान्यायाधिवक्ताको कार्यालयको मिति २०६९।९।२६ को निर्णय तथा उक्त निर्णय कार्यान्वयनका लागि मिति २०६९।९।२७ मा लेखिएको पत्र हाल कार्यान्वयनको अवस्थामा छैन । उक्त निर्णय तथा पत्रद्वारा अनुसन्धान नगर्नु नगराउनु भनिएको वारदातका सम्बन्धमा अनुसन्धान पूरा भई प्रतिवादीहरु विरुद्ध दैलेख जिल्ला अदालतमा मुद्दा

दायर भइ सकेको र हाल कारवाहीयुक्त अवस्थामा छ । प्रधानमन्त्री तथा महान्यायाधिवक्ताद्वारा उठाइएको द्वन्द्वकालको विषय संक्रमणकालीन न्याय प्रणालीबाट सम्बोधन हुनु पर्ने हो । तर राज्यले हालसम्म संक्रमणकालीन न्याय प्रणालीको प्रबन्ध गर्न सकेको अवस्था छैन । द्वन्द्वकालका घटनालाई सत्य निरुपण तथा मेलमिलाप आयोगबाट सम्बोधन हुनुपर्ने भन्ने तर्क उल्लेख गर्दै निर्देशनात्मक पत्राचार भएको देखिँदा विशेष परिस्थितिलाई विशेष तरिकाले सम्बोधन गर्ने अवस्था भएको र सम्मानित अदालतबाट जारी भएको अन्तरिम आदेशबाट उक्त निर्देशन सच्चिई सकेको अवस्था हुँदा माग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था छैन । रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस गर्नुभयो ।

निवेदक तर्फका विद्वान कानून व्यवसायीहरु र विपक्षी तर्फका विद्वान सह न्यायाधिवक्ताबाट लिखित बहसनोट समेत पेश भइ मिसिल सामेल रहेको छ ।

निवेदक तर्फका विद्वान कानून व्यवसायीहरु र विपक्षीहरुका तर्फबाट उपस्थित सह न्यायाधिवक्ता तथा उप न्यायाधिवक्ताको बहस जिकिर सुनी दुबै तर्फबाट पेश हुन आएका लिखित बहस नोटहरु पेश भई आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत रिट निवेदन पत्र तथा विपक्षीहरुबाट पेश भएका लिखित बहसनोट तथा मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो ।

निवेदकले संविधान र कानूनको पालना गर्ने प्रमुख दायित्व र जिम्मेवारी भएका महान्यायाधिवक्ताले संविधान एवं कानून प्रदत्त आफ्नो अधिकार र कर्तव्यको दायरा एवं सीमाको उल्लंघन गरी कानूनको शासनको मान्यता प्रतिकूल हुने गरी पत्रकार डेकेन्द्रराज थापाको हत्या भएको फौजदारी अपराधको अनुसन्धान, तहकिकात र अभियोजन कार्यलाई निष्प्रभावी पार्ने गरी अनुसन्धान अधिकृत तथा जिल्ला न्यायाधिवक्तालाई फौजदारी कसूर अपराधमा आरोपित व्यक्तिहरुका विरुद्धमा अनुसन्धान, तहकिकात तथा अभियोजन नगर्नु नगराउनु भनी महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०६९।९।२६ मा निर्णय गरी सो आधारमा जारी मिति २०६९।९।२७ को निर्देशनात्मक पत्र कानून प्रतिकूल हुँदा उक्त निर्णय एवं निर्देशनात्मक पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी संविधान र प्रचलित कानून बमोजिमको आफ्नो दायित्व र जिम्मेवारी पालना गर्नु भनी विपक्षीहरुको नाममा परमादेश

जारी गरिपाऊँ भन्ने मुख्य निवेदन माग दावी गरेकोमा निवेदकले उठाएको विषय द्वन्द्वकालमा घटेको घटना भएको र द्वन्द्व व्यवस्थापनका क्रममा तत्कालीन सरकार र द्वन्द्वरत पक्षका बीचमा भएको बृहत शान्ति सम्झौताको दफा ५.२.५ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को (ध)ले त्यस्ता घटनाको व्यवस्थापनका लागि सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गरी सोही आयोगको माध्यमबाट द्वन्द्वकालीन घटनाको व्यवस्थापन गर्ने प्रबन्ध गरेको अवस्था हुँदा निवेदन दावीको घटना नियमित फौजदारी न्याय प्रणालीबाट हेरिने विषयवस्तु नभएकोले मातहत निकायलाई संविधान तथा कानून बमोजिम परिपत्र गरिएको अवस्था हुँदा निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन निवेदन खारेज होस भन्ने समेत व्यहोराको लिखित जवाफ रहेको देखियो ।

अब प्रस्तुत रिट निवेदनमा लिएको निवेदन दावी, विपक्षीहरुको तर्फबाट पेश भएको लिखित जवाफ, पक्ष विपक्षका विद्वान कानून व्यवसायीहरुको बहस जिकिर एवं दुबै पक्षबाट पेश भएका लिखित बहस नोट समेतलाई मध्यनजर राखी निम्न प्रश्नहरुको निरोपण गर्नुपर्ने देखियोः-

(क) **महान्यायाधिवक्तालाई संविधान एवं कानूनद्वारा प्रदत्त अधिकार, कर्तव्य र दायित्वको दायरा एवं सीमा के हो ?**

(ख) **सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान एवं अभियोजन सम्बन्धमा मातहत सरकारी वकील र प्रहरीलाई प्राप्त अधिकार, कर्तव्य र जिम्मेवारी महान्यायाधिवक्ता एवं विभागीय प्रमुखले स्थगन, नियन्त्रण र निष्क्रिय गर्न मिल्छ वा मिल्दैन ?**

(ग) **सत्य निरुपण तथा मेलमिलाप आयोगको प्रबन्ध भई नसकेको अवस्थामा नियमित फौजदारी न्याय प्रणाली अन्तर्गत प्रवेश गरेको विवाद महान्यायाधिवक्ताको आदेशले स्थगन हुन सक्दछ वा सक्दैन ?**

(घ) **निवेदकले माग गरे बमोजिमको आदेश जारी गर्नु पर्ने हो वा होइन ?**

अब निरोपित गर्नु पर्ने पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा, नेपालको न्यायिक इतिहासको विकासक्रममा महान्यायाधिवक्ता कानूनी शासन प्रति समर्पित संवैधानिक पदको

रुपमा विकसित हुदै आएको देखिन्छ । नेपालको संविधान, २०१९ ले पहिलो पटक एटर्नी जनरललाई संवैधानिक पदको रुपमा व्यवस्था गरेको थियो । नेपाल अधिराज्यको संविधान २०४७ ले गरेको महान्यायाधिवक्ता सम्बन्धी व्यवस्थालाई निरन्तरता दिदै नेपालको अन्तरिम संविधान, २०६३ ले महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रुपमा व्यवस्था गरी निजको काम, कर्तव्य र अधिकार तोकिएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३५ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

(१) महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ । संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ । यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।

(३) उपधारा (२) को अधीनमा रही महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा देहायका काम गर्ने अधिकार हुनेछः-

(क) नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

(ख) मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,

(ग) हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

(४) यस धारामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार यो संविधान र अन्य कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(५) आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्नेछ भन्ने देखिन्छ ।

उक्त संवैधानिक व्यवस्थालाई हेर्दा महान्यायाधिवक्ता नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार, सरकारवादी फौजदारी मुद्दाको अभियोजक, सर्वोच्च अदालतबाट प्रतिपादित नजीर सिद्धान्त कार्यान्वयनको अनुगमनकर्ता र हिरासतमा रहेका व्यक्तिहरुको मानव अधिकार संरक्षण सम्बन्धी जिम्मेवारी महान्यायाधिवक्तालाई प्राप्त भएको देखिन्छ । यसका अतिरिक्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ लगायतका अन्य विभिन्न नेपाल कानूनहरुले महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तोकेको पाइन्छ ।

नेपाल सरकारवादी भई चलाईने मुद्दाको सम्बन्धमा र नेपाल सरकार विरुद्ध दायर हुने मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्न सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लागू रहेको छ । नेपालको वर्तमान संविधान तथा कानूनले समाजमा कुनै अपराध हुन गएमा अपराध गर्ने व्यक्ति उपर अनुसन्धान गरी मुद्दा चलाई अभियुक्तलाई सजाय दिलाई पीडितको लागि न्याय सुनिश्चित गर्ने जिम्मेवारी र दायित्व संविधान र कानून बमोजिम महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलमा रहने व्यवस्था गरेको छ । अपराधको अनुसन्धान तथा तहकिकात प्रहरी र सरकारी वकीलले गर्ने र स्वतन्त्र अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणका आधारमा आरोपित व्यक्तिहरु उपर मुद्दा चलाउने र पीडितहरुको प्रतिरक्षा महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलले गर्ने कानूनी व्यवस्था गरिएको छ ।

हाम्रो कानूनी प्रणालीमा जघन्य र गम्भीर अपराधका लागि पीडित पक्ष आफैले फौजदारी मुद्दा चलाउन सक्दैनन् । जघन्य र गम्भीर प्रकृतिको अपराधको सम्बन्धमा प्रमाण संकलन,

अनुसन्धान तहकिकात र मुद्दा दायर गरी अपराधीलाई सजाय दिलाउने कार्य पीडितको प्रयासले मात्र संभव नहुने भएको र यस्ता अपराध व्यक्ति विरुद्धको अपराध नभई राज्य विरुद्धको अपराध हुने सम्झी पीडितको तर्फबाट राज्यले नै प्रमाण संकलनदेखि मुद्दा दायर गर्ने र बहस पैरवी समेत गर्ने प्रणालीको विकास भएको छ । यस्ता जघन्य र गम्भीर प्रकृतिका मुद्दामा हुने सम्पूर्ण अनुसन्धान, तहकिकात, अभियोजन र प्रतिरक्षाका लागि पीडित पक्ष सरकार माथि निर्भर रहन्छ । पीडितले घटना र अपराधको सूचना र अभियुक्त बारे जानकारी सहित प्रहरीमा उजुरीसम्म गर्नु पर्ने हुन्छ । तर राज्यको तर्फबाट प्रहरी र सरकारी वकीलले घटना वारदातको सूचना पाएपछि अपराध र अपराधी बारे अनुसन्धान र प्रमाण संकलन तथा अभियोजन प्रक्रिया अगाडि नबढाई दिने वा शुरु भएको अनुसन्धान र अभियोजन प्रक्रियालाई स्थगन गर्ने वा अदालतमा मुद्दा नचलाइ दिने हो भने पीडित पक्ष न्याय पाउने मौलिक हकबाट वञ्चित हुने मात्र होइन फौजदारी न्याय प्रणाली नै असफल हुन जाने हुन्छ ।

फौजदारी न्याय प्रशासन सञ्चालन गर्ने क्रममा स्वच्छ सुनुवाईको माध्यमबाट अभियुक्तको फौजदारी न्याय सम्बन्धी अधिकार संरक्षण गर्दै पीडित व्यक्तिलाई न्याय दिलाउने तर्फपनि संवेदनशील रहनु पर्दछ । अभियुक्तलाई स्वच्छ सुनुवाइको प्रतिवद्धताका साथै पीडित पक्षको न्याय प्राप्त गर्ने अधिकारको सुनिश्चितता, अपराधजन्य कार्यबाट भएको क्षतिको परिपूरण र पीडित पक्षलाई सहानुभूतिपूर्वक व्यवहार गर्ने जस्ता पक्षमा पीडित न्यायशास्त्रको पनि सदैव ख्याल राख्नु पर्दछ । यिनै पक्षलाई मध्यनजर राखेर कतिपय फौजदारी प्रकृतिका घटना वारदातको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षा राज्यले गर्ने व्यवस्था गरिएको हो । फौजदारी कसूर अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजन गर्ने क्रममा सरकारी अभियोक्ता पीडित न्यायशास्त्रको मान्यताबाट निर्देशित रहनु पर्दछ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) बमोजिम नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएकोमा उपधारा (६) बमोजिम महान्यायाधिवक्ताले मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने प्रावधान गरिएको र सो अनुसार २०६३।१०।१ मा आफ्नो सो अधिकार प्रत्यायोजन गरेकोमा त्यस्तो प्रत्यायोजित अधिकार बमोजिम महान्यायाधिवक्ता

मातहतका सरकारी वकीलले नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गरी अदालतमा मुद्दा दायर गर्दै आएका छन ।

सरकारवादी हुने मुद्दाको अनुसन्धान तहकिकातको जिम्मेवारी र दायित्व सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम प्रहरीलाई सुम्पेको छ भने अभियोजन र बहस पैरवी समेतको कार्य महान्यायाधिवक्ताको अधिकार क्षेत्र भित्र पर्ने विषय हो । महान्यायाधिवक्ताले आफ्नो मातहतको सरकारी वकीललाई संविधानको धारा १३५(६) बमोजिम मिति २०६३।१०।१ को राजपत्रमा प्रकाशित सूचना अनुसार प्रत्यायोजन गरेको अधिकार निजले प्रतिधारण नगरेको वा फिर्ता नलिएको अवस्थामा मातहतका सरकारी वकीलले प्रचलित कानून र स्थापित न्यायिक मान्यताको आधारमा प्रत्यायोजित अधिकार बमोजिम गर्ने अभियोजन सम्बन्धी कार्यमा महान्यायाधिवक्ताले हस्तक्षेप गर्न मिल्ने हुँदैन ।

सरकारवादी मुद्दाको अभियोजनमा महान्यायाधिवक्ता र मातहतका सरकारी वकीललाई व्यावसायिक स्वायत्तता र स्वतन्त्रता प्राप्त हुन्छ । महान्यायाधिवक्ता र सरकारी वकीलको व्यावसायिक उन्मुक्तिका सम्बन्धमा यस अदालतबाट निवेदक बद्रिबहादुर कार्की विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत (ने.का.प. २०५८ अंक ५/६ नि.नं.७००१) र मधुसुदन भट्टराई विरुद्ध नरेन्द्रबहादुर चन्द समेत (ने.का.प. २०५९ नि.नं. ७०८२ पृष्ठ २१०) भएको मुद्दामा सिद्धान्त कायम भएको छ । जस अनुसार *"नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलले गर्न सक्ने, अनुसन्धान तथा तहकिकातबाट प्राप्त तथ्य प्रमाणका आधारमा निष्कर्षमा पुगी गरेको निर्णयमा व्यावसायिक उन्मुक्ति प्राप्त हुने र त्यस्तो निर्णयमा पुनरावलोकन हुन नसक्ने"* भन्ने उल्लेख छ । तर सरकारी अभियोक्तालाई प्राप्त व्यावसायिक उन्मुक्ति सीमा विहिन र स्वेच्छाचारी प्रकृतिको हुने भनी अर्थ गर्न मिल्दैन । व्यावसायिक स्वतन्त्रता र स्वायत्तताको प्रयोग गर्दा महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकील प्रचलित संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तबाट निर्देशित रहनु पर्दछ । यस्तो नभएमा र व्यावसायिक स्वतन्त्रता र स्वायत्तताको सीमा उल्लंघन भएमा न्यायिक पुनरावलोकनको विषय बन्न सक्ने हुन्छ । ज्योति लम्साल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत भएको (ने.का.प. २०६७

अंक ११ पृष्ठ १९०३ नि.नं.८५०७) उत्प्रेषणयुक्त परमादेश मुद्दामा *महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलले मुद्दा चलाउने र नचलाउने सम्बन्धमा गरेको निर्णय सरकारका लागि मात्र अन्तिम हो । यदि त्यस्तो निर्णयबाट कानूनको शासन र मौलिक हकमा असर पर्ने भए त्यस्तो निर्णयमा सर्वोच्च अदालतले पुनरावलोकन गर्न सक्दछ* भनी न्यायिक सिद्धान्त कायम भएको छ ।

त्यसै गरी महान्यायाधिवक्ताले कुनै वारदात घटनाका सम्बन्धमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा निराधार कुनै विषयमा कसै माथि अभियोजन गर्न सक्ने र कुनै आरोपितका विरुद्ध तथ्य प्रमाणका बाबजुद पनि मुद्दा नचलाउने निर्णय गर्न नसक्ने भन्ने सिद्धान्त *नारायण सिंह राजपुत समेत वि. महान्यायाधिवक्ताको कार्यालय समेत भएको (ने.का.प २०७० अंक १ पृष्ठ १२७ नि.नं. ८९४९) मुद्दामा स्थापित भएको छ । जस अनुसार "महान्यायाधिवक्तामा नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने बारेको निर्णय गर्ने अन्तिम अधिकार रहेको भए पनि सो अधिकारको प्रयोग त्यस्तो अधिकार प्रयोगकर्ताको स्वेच्छामा निर्भर नभई निष्पक्ष अनुसन्धानबाट देखिएको निष्कर्षमा आधारित हुनुपर्दछ । यही अनुसन्धानबाट कुनै व्यक्ति निर्दोष देखिएको अवस्थामा महान्यायाधिवक्ताको इच्छामा निजको विरुद्धमा मुद्दा चल्ने र त्यस्तो अनुसन्धानबाट शंकित व्यक्ति दोषी देखिएको अवस्थामा केवल महान्यायाधिवक्ताको चाहनाको कारणले मात्र मुद्दा नचल्ने भनी निर्णय हुन सक्दछ भनी संवैधानिक व्यवस्थाको अर्थ गर्नु मनासिव नहुने"* भनी व्याख्या भएको पाइन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३४ को उपधारा १ ले "महान्यायाधिवक्ताको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने र महान्यायाधिवक्ता प्रधानमन्त्रीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने" भन्ने व्यवस्था गरेको छ । महान्यायाधिवक्ताको नियुक्ति प्रक्रिया जे जस्तो भएपनि महान्यायाधिवक्ता संविधान, कानूनको शासन र न्यायको अक्षुण्णताप्रति प्रतिबद्ध तथा पीडितको न्यायप्रति संवेदनशील रहनु पर्दछ भन्ने कुरामा दुई मत हुन सक्दैन । कुनै संवैधानिक वा सार्वजनिक पदाधिकारीले आफ्नो नियुक्तिकर्ताप्रति नभइ संविधान, कानून र नागरिकप्रति जिम्मेवार रही आफ्नो कार्य सम्पादन गर्नु पर्दछ । आफ्नो जिम्मेवारी सम्पादन गर्दा संवैधानिक पदाधिकारीका रुपमा रहेका

महान्यायाधिवक्ताले पनि प्रचलित संविधान र कानूनप्रति पूर्णरुपमा उत्तरदायी एवं फौजदारी न्याय प्रणालीको अवधारणा र पीडितलाई न्याय दिलाउने कार्यप्रति प्रतिबद्ध रहनु पर्दछ । सरकारवादी मुद्दाको अभियोजन सम्बन्धी अधिकार प्रयोग गर्दा महान्यायाधिवक्ताले विधिको शासन र न्यायका मान्य सिद्धान्तहरुका आधारमा आफ्नो व्यावसायिक आचरणको पूर्ण रुपमा पालना गर्नु पर्दछ । महान्यायाधिवक्ताको भूमिका न्यायोचित, सबैका लागि समान, न्याय र पीडितको हितमा केन्द्रित रहनु पर्दछ । साथै अभियोजन सम्बन्धी निर्णय गर्दा महान्यायाधिवक्ता र मातहतको सरकारी वकील पीडित एवं आरोपित दुबैको मौलिक हकको संरक्षण र कानूनी राज्यको अवधारणाबाट पूर्णरुपमा निर्देशित रहनु पर्दछ । यस्तो गहन जिम्मेवारी वहन गर्ने सन्दर्भमा न्यायिक मान्यतालाई चुनौती दिने वा न्यायमा अवरोध सृजना गर्ने गरी महान्यायाधिवक्ताले कुनै कदम चालेमा महान्यायाधिवक्ताको त्यस्तो काम निजको संवैधानिक दायित्व, कानून, न्यायिक मूल्य मान्यता र अन्तर्राष्ट्रिय महासन्धिहरुले सृजना गरेका दायित्वहरुको समेत प्रतिकूल हुन जान्छ ।

माथि विभिन्न प्रकरणमा गरिएको विवेचना समेतबाट सरकारवादी फौजदारी मुद्दाहरुको अभियोजन र प्रतिरक्षा सम्बन्धी जिम्मेवारी वहन गर्दा महान्यायाधिवक्ताले आफुलाई प्राप्त संवैधानिक तथा कानूनी अधिकारको प्रयोग स्वेच्छाचारी ढंगले गर्न सक्ने देखिदैन । सरकारवादी मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न पाउने संवैधानिक अधिकारको प्रयोग गर्दा महान्यायाधिवक्ता र निज मातहतको सरकारी वकीलले कानूनको शासन, मानव अधिकार संरक्षण, पीडित पक्षको न्यायमा सुनिश्चितता, न्यायका स्थापित मूल्य मान्यताबाट नै निर्देशित रहनुपर्दछ । अभियोजन सम्बन्धी निर्णय गर्दा स्वच्छ र स्वतन्त्र अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणलाई आधार लिई कानूनको शासनको मान्यताबाट निर्देशित भई निष्कर्षमा पुगेको हुनु पर्दछ । सरकारवादी मुद्दाको अभियोजन गर्ने संवैधानिक एवं कानूनी दायित्व र व्यावसायिक उन्मुक्तिलाई महान्यायाधिवक्ताको सीमा विहिन र स्वेच्छाचारी अधिकार हो भनी अर्थ गर्न मिल्दैन ।

निरोपित गर्नु पर्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, मिति २०६१।४।२७ मा पत्रकार डेकेन्द्रराज थापाको हत्या भएकोमा लामो समयसम्म प्रहरीबाट अनुसन्धान कार्य अगाडि

नबढाएपछि निज मृतकको श्रीमती लक्ष्मी थापाले लछिराम घर्ती र केशव खड्का समेत उपर मिति २०६५।५।६ मा किटानी जाहेरी दिए पश्चात पनि उक्त वारदातका सम्बन्धमा प्रहरीद्वारा आवश्यक अनुसन्धान प्रक्रिया अगाडि नबढाएकोले प्रभावकारी अनुसन्धानका लागि परमादेश जारी गरिपाऊँ भनी माग दावी सहित जाहेरवाली लक्ष्मी थापाले पुनरावेदन अदालत सुर्खेतमा रिट निवेदन दर्ता गराए पश्चात उक्त २०६१ सालको घटना वारदातका सम्बन्धमा विपक्षी मध्येका जिल्ला प्रहरी कार्यालय दैलेख र जिल्ला सरकारी वकील कार्यालय दैलेखले अनुसन्धान तहकिकातको काम प्रारम्भ गरेकोमा सो हत्याका सम्बन्धमा अनुसन्धान लगायतका काम अगाडि नबढाउनु र सम्पूर्ण प्रक्रिया स्थगन गर्नु भनी जिल्ला सरकारी वकील कार्यालय दैलेख समेतलाई महान्यायाधिवक्ताको कार्यालयबाट पत्र र निर्देशन जारी गरेकोमा सो पत्र निर्देशनका सम्बन्धमा प्रस्तुत रीट निवेदन पर्न आएको देखिन्छ ।

संविधान एवं अन्य प्रचलित कानूनहरु अनुसार कसैको ज्यान मार्ने कार्य सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को प्रावधान अनुसार सरकारवादी मुद्दा हुने र सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान एवं तहकिकात प्रहरी र सरकारी वकीलबाट गरिने व्यवस्था गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३५(२) बमोजिम नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निज मातहतका सरकारी वकीलहरुबाट प्रतिनिधित्व हुने र कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने संवैधानिक व्यवस्था रहेको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३५(६) ले नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार महान्यायाधिवक्ताले आफु मातहतको सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था अनुरुप २०६३।१०।१ मा नै महान्यायाधिवक्ताले आफ्नो मातहतका सरकारी वकीललाई आफुमा रहेको उक्त अधिकार प्रत्यायोजन गरी सकेको अवस्था छ ।

संविधानद्वारा महान्यायाधिवक्तालाई प्राप्त संवैधानिक जिम्मेवारी र दायित्व निर्वाह गर्नका लागि आवश्यक कानूनी संयन्त्रका रुपमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ र सरकारी वकील सम्बन्धी नियमावली २०५५ को व्यवस्था

गरिएको छ । यी कानूनी व्यवस्था लगायत सम्बद्ध कानूनहरुले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकात सम्बन्धमा प्रहरीलाई घटनाका सम्बन्धमा जाहेरी दरखास्त दर्ता भएपछि अभियुक्तलाई पकाउ गर्ने, निजको बयान गराउने, तत्सम्बन्धी प्रमाण संकलन गर्ने लगायतका अनुसन्धान तहकिकात सम्बन्धी विभिन्न जिम्मेवारीहरु तोके बमोजिम सरकार वादी मुद्दाको अनुसन्धान र तहकिकात गर्न प्रहरीलाई अधिकार हुन्छ भने सरकारवादी मुद्दाको अभियोजन सम्बन्धी अधिकार महान्यायाधिवक्ताबाट प्रत्यायोजन भएपछि मातहतको सरकारी वकीलले प्रयोग गर्ने गर्दछन ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३५(२) ले महान्यायाधिवक्तालाई प्रदान गरेको नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार उक्त धाराको उपधारा (६) बमोजिम नेपाल राजपत्र खण्ड ५६ अतिरिक्ताङ्क ५६ भाग ४ मिति २०६३।१०।१ मा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताले आफ्नो मातहतका अधिकृतहरुलाई प्रत्यायोजन गरेको र सो अधिकार प्रयोग गर्न तोकेका शर्त बन्देजहरुका सम्बन्धमा प्रकाशित सूचना निम्न बमोजिम रहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (६) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार देहायको शर्तको अधिनमा रही मातहतका सरकारी वकीलले मिति २०६३।१०।०१ देखि प्रयोग र पालन गर्न पाउने गरी सुम्पेको छ ।

१. कुनै अदालत वा न्यायिक निकाय समक्ष नेपाल सरकारको तर्फबाट दायर हुने मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पुरा भै मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि राय सहित जिल्ला सरकारी वकील कार्यालय समक्ष प्रस्तुत हुन आएको मिसिल संलग्न कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबूद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउन पर्ने देखेमा सोको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई आफूले मुद्दा दायर गर्नुपर्ने भए प्रचलित कानून बमोजिम सम्बन्धित अदालत वा न्यायिक निकाय समक्ष मुद्दा दायर गर्ने र अन्य निकाय मार्फत मुद्दा दायर गराउनु पर्ने भए सो समेत गराउने ।

२. प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउन नपर्ने देखेमा आधार कारण सहितको आफ्नो राय उल्लेख गरी सम्बन्धित सरकारी वकीलले निकासाको लागि मिसिल कागज पुनरावेदन सरकारी वकील कार्यालयको सह न्यायाधिवक्ता समक्ष पेश गर्न सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयमा र पुनरावेदन सरकारी वकील कार्यालयको सह न्यायाधिवक्ताले महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने ।

३. प्रकरण २ बमोजिम सम्बन्धित सरकारी वकीलबाट प्राप्त मिसिल कागज अध्ययन गर्दा पुनरावेदन सरकारी वकील कार्यालयको सह न्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण सहितको निर्णय आदेश र मिसिल कागज सम्बन्धित सरकारी वकील कहाँ पठाई दिने र मुद्दा चलाउन नपर्ने देखेमा आफ्नो आधार र कारण सहितको निर्णय र मिसिल कागज महान्यायाधिवक्ता समक्ष अन्तिम निकासाको लागि पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने ।

४. प्रकरण २ बमोजिम सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलबाट प्राप्त मिसिल कागज मध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका मुद्दाहरु र वारदातबाट कर्तव्य देखाएका तर प्रतिवादी खुल्न नआएका मुद्दाहरुका हकमा पुनरावेदन सरकारी वकील कार्यालयको सह न्यायाधिवक्ताले अन्तिम निकासा दिने ।

उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था र प्रत्यायोजित अधिकार समेतका आधारमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अर्न्तगतका कसूर अपराधको सम्बन्धमा उक्त ऐनको दफा ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६ बमोजिम प्रक्रिया र सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ ले निर्धारण गरेको कार्यविधि अवलम्बन गरी अनुसन्धान र तहकिकात गरी दफा १७ बमोजिम राय सहितको प्रतिवेदन प्रहरी कार्यालयले सरकारी वकील कार्यालयमा पेश गर्ने र सो राय सहितको प्रतिवेदन प्राप्त भएपछि नेपालको अन्तरिम संविधान २०६३ को धारा १३५ को उपधारा (६) बमोजिम महान्यायाधिवक्ताले सरकारी वकीललाई प्रत्यायोजन गरेको अधिकारको प्रयोग गरी सम्बन्धित सरकारी वकीलले अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाण समेतका आधारमा मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय

गरी मुद्दा चल्ने देखिएमा उक्त ऐनको दफा १८ बमोजिम अभियोग पत्र दायर गर्ने व्यवस्था रहेको छ ।

तर पत्रकार डेकन्द्रराज थापाको हत्या सम्बन्धमा परेको जाहेरी दर्खास्त अनुसार अनुसन्धान तहकिकात गर्ने अधिकार र दायित्व कानून अनुसार प्रहरीलाई भएको र सो बमोजिम जिल्ला प्रहरी कार्यालय दैलेखद्वारा अनुसन्धान गर्न बयान गराउने कार्य प्रारम्भ भएकोमा प्रमाण संकलन लगायतका अनुसन्धान तहकिकात गरी रहेको अवस्थामा तथ्य र प्रमाणको आधारमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७ बमोजिम राय सहितको प्रतिवेदन सरकारी वकील कार्यालयमा पेश नगर्दै महान्यायाधिवक्ता कार्यालयबाट मिति २०६९।९।२६ मा निर्णय भई अनुसन्धान नै रोक्ने गरी निर्देशन दिएको देखिन आउँछ । सरकारवादी मुद्दाको अनुसन्धानलाई नै रोक्ने अधिकार र कर्तव्य संविधान र प्रचलित कानूनद्वारा महान्यायाधिवक्तालाई प्रदान गरेको पाईदैन । अनुसन्धान पश्चात तथ्य र प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने अधिकार मात्र महान्यायाधिवक्ताको रहेकोमा फौजदारी कसूरका सम्बन्धमा भई रहेको अनुसन्धान कार्यलाई स्थगन गर्न दिएको निर्देशन महान्यायाधिवक्ताको अधिकारक्षेत्र बाहिर रहेको स्पष्ट छ ।

त्यसमा पनि संविधानको धारा १३५ को उपधारा (२) बमोजिम महान्यायाधिवक्तालाई प्राप्त मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार उपधारा (६) बमोजिम महान्यायाधिवक्ताले आफ्नो मातहतका सरकारी वकीललाई प्रत्यायोजन गरीसकेपछि उक्त प्रत्यायोजित अधिकार प्रतिधारण नगरेसम्म वा फिर्ता नलिएसम्म महान्यायाधिवक्ताले सो अधिकार आफैले प्रयोग गर्न वा मातहत सरकारी वकीललाई प्रत्यायोजित अधिकार प्रयोग गर्नबाट रोक्न मिल्ने हुदैन । अधिकार प्रत्यायोजन सम्बन्धी शर्त वन्देजभित्र रही अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाण एवं प्रचलित कानून बमोजिम सरकारवादी मुद्दा चलाउने निर्णय गर्न मातहत सरकारी वकील स्वतन्त्र र स्वायत्त हुन्छन । अधिकार प्रत्यायोजन गर्ने अधिकारी र प्रत्यायोजित अधिकार प्राप्त गर्ने अधिकारीबाट सो अधिकार एकै साथ समानान्तर रुपमा प्रयोग हुन सक्दैन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशले समेत यस कुरालाई स्पष्ट गर्दछ । प्रत्यायोजित अधिकार प्रतिधारण नगरेसम्म अधिकार प्रत्यायोजन गर्ने अधिकारीले त्यस्तो अधिकार प्रयोग गर्न नसक्ने भनी

निवेदक प्रकाश पौडेल समेत विरुद्ध खानी तथा भु-गर्भ विभाग लैनचौर काठमाडौं समेत भएको सम्बत् २०५६ सालको रिट नं.४१३६ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा यस अदालतबाट मिति २०५७।८।३० मा न्यायिक सिद्धान्त स्थापित समेत भईसकेको छ ।

यसरी महान्यायाधिवक्ताद्वारा नेपाल सरकारको तर्फबाट कुनै अदालत वा न्यायिक अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न पाउने अधिकार आफ्नो मातहतहका सरकारी वकीलले प्रयोग गर्ने गरी प्रत्यायोजन गरेकोमा सो प्रत्यायोजन बमोजिम मुद्दा नचलाउने निर्णय गर्नु पर्दा मातहत सरकारी वकीलले माथिल्लो अधिकारीबाट तह तह निकासा लिनुपर्ने वाध्यात्मक शर्त बन्देज तोकेको पाइन्छ । तर मुद्दा चलाउने निर्णय गर्ने सम्बन्धमा त्यसरी तह तहबाट निकासा लिनु पर्ने शर्त बन्देज तोकिएको पाइदैन । महान्यायाधिवक्ताले आफुमा रहेको अभियोजन सम्बन्धी अधिकार निःशर्त रुपमा प्रयोग गर्ने गरी मातहत सरकारी वकीललाई प्रत्यायोजन गरेको अवस्थामा सो बमोजिम अनुसन्धान तहकिकात र प्रमाण संकलन कार्य गरी रहँदा कुनै खास आपराधिक वारदातका सम्बन्धमा बयान लगायतको अनुसन्धान तथा अभियोजन गर्ने सम्बन्धमा कुनै पनि काम कारवाही नगर्नु नगराउनु भनी मातहत सरकारी वकीललाई निर्देशन दिन सक्ने अधिकार महान्यायाधिवक्तालाई भएको उपर्युक्त संवैधानिक वा कानूनी व्यवस्थाहरुबाट देखिन आउदैन । अनुसन्धान र अभियोजन कार्यलाई रोक्ने, व्यवधान दिने वा सो आशयको कुनै निर्देशन दिन सक्ने यो यस कानूनद्वारा आफ्नो अधिकार रहेको भन्ने महान्यायाधिवक्ताको लिखित जवाफबाट देखिन आउदैन ।

सरकारवादी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दा सम्बन्धी नियम, २०५५ लगायतका कानूनले त्यस्ता मुद्दाको अनुसन्धान तथा तहकिकात गर्ने जिम्मेवारी र दायित्व प्रहरीलाई तोकेको, सरकारवादी मुद्दाको अभियोजन सम्बन्धी अधिकार महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीललाई प्रत्यायोजन भएको र अधिकार प्रत्यायोजन गर्दा मुद्दा चलाउने निर्णय गर्न कुनै निकाशा लिई रहन नपर्ने गरी अधिकार प्रत्यायोजन गरिएको अवस्थामा मातहत सरकारी वकीलले संविधान तथा कानून बमोजिम प्रारम्भ गरेको सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान कारवाहीलाई सो नगर्नु, भईरहेको अनुसन्धान तथा अभियोजनलाई स्थगन गर्नु भनी हस्तक्षेप गर्न पाउने अधिकार महान्यायाधिवक्तालाई प्रचलित संविधान तथा कानूनले प्रदान

गरेको समेत नदेखिएको अवस्थामा महान्यायाधिक्ताद्वारा भएको निर्णय र निर्देशनलाई विधिसम्मत मान्न मिल्दैन ।

पत्रकार डेकेन्द्रराज थापाको हत्या सम्बन्धमा लक्ष्मी थापाले मिति २०६५।५।६ मा दिएको किटानी जाहेरी बमोजिमको घटना वारदातका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट जारी मिति २०६९।९।२७ को पत्र हेर्दा "*त्यस कार्यालयको मिति २०६९।९।२६ च.नं. १७८ को पत्रबाट लक्ष्मी थापाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी लक्षिराम घर्तिमगर समेत भएको कर्तव्य ज्यान मुद्दामा हाल प्रतिवादीहरु पक्राउ परी दैलेख जिल्ला अदालतबाट म्याद थप भई हाल उक्त मुद्दाको अनुसन्धान कार्य जारी रहेकोले सो मुद्दामा निर्देशन भए आवश्यक निर्देशन माग भएको सम्बन्धमा, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ध) विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ लाई विश्लेषण गरी सम्मानित सर्वोच्च अदालतबाट रीट निवेदक तत्कालिन संविधान सभा सदस्य केशव राई विरुद्ध ओखलढुंगा जिल्ला अदालत समेत भएको उत्प्रेषण मुद्दामा निवेदक केशव राईलाई पक्राउ नगर्नु नगराउनु भन्ने मिति २०६७।८।२७ मा अन्तरिम आदेश जारी भएको र सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भिर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने प्रयोजनका लागि नेपाल सरकारबाट सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी ऐनको अध्यादेश सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भै रहेको हुँदा प्रस्तुत सशस्त्र द्वन्द्वको क्रममा घटित घटना सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत कारवाही अगाडि बढाउन नमिल्ने प्रष्ट देखिन्छ । संविधान र विस्तृत शान्ति सम्झौताले सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरी त्यसको क्षेत्राधिकार भित्र पर्ने गरी व्यवस्था गरेको छ । प्रस्तुत विषय सोही गठन हुने आयोगको क्षेत्राधिकार भित्र पर्ने भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा प्रचलित कानून बमोजिम सरकारी वकील कार्यालय दैलेखबाट अभियोजन तथा अनुसन्धान प्रक्रियामा संलग्न भै कारवाही प्रक्रिया अगाडि बढाउन मिल्ने देखिँदैन । अतः संविधान, विस्तृत शान्ति सम्झौताको उल्लेखित प्रावधान तथा सर्वोच्च अदालतको उल्लेखित अन्तरिम आदेश समेतको आधारमा प्रस्तुत विषयमा जिल्ला सरकारी वकील कार्यालय दैलेखबाट अनुसन्धान प्रक्रियामा संलग्न हुने तथा अभियोजन गर्ने लगायतका*

अन्य कुनै पनि कारवाही नगर्नु नगराउनु भनी जिल्ला सरकारी वकील कार्यालय दैलेख तथा पुनरावेदन सरकारी वकील कार्यालय सुर्खेतलाई निकासा सहितको निर्देशन सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १०(च) बमोजिम दिने गरी मिति २०६९।९।२६ मा निर्णय भएको व्यहोरा अनुरोध छ" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ ।

निवेदकले उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउन माग गरेको महान्यायाधिवक्ताको कार्यालयको मिति २०६९।०९।२६ को निर्णय र मिति २०६९।०९।२७ को पत्र सरकारी वकील सम्बन्धी नियमावली २०५५ को नियम १०(च) ले दिएको अधिकार प्रयोग गरी निर्णय भई निर्देशन जारी गरिएको हो भन्ने महान्यायाधिवक्ताको लिखित जवाफमा उल्लेख गरेको देखिन्छ ।

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १० मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनी व्यवस्था गरेको पाइन्छ । उक्त नियम १० को (च) मा *"नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रक्रिया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने"* व्यवस्था रहेको देखिन्छ ।

उक्त नियम १० (च) को व्यवस्था अनुसार सरकारवादी हुने मुद्दाको अनुसन्धान प्रक्रिया अपर्याप्त भएको देखिएमा वा थप विधि वा प्रक्रियाबाट प्रमाण संकलन गर्नु पर्ने देखिएमा अनुसन्धानलाई प्रभावकारी र नतीजामुलक बनाउनका लागी अपनाउनु पर्ने तरिका र विधिका सम्बन्धमा सम्म निर्देशन दिन सकिने व्यवस्था रहेको देखिन्छ । सो को प्रतिकूल प्रहरीद्वारा भई रहेको अनुसन्धान तथा तहकिकातलाई प्रभावित गर्न, रोक्न वा स्थगन गर्न महान्यायाधिवक्ताले अनुसन्धान गर्ने प्रहरीको बिभागीय प्रमुख वा मातहत सरकारी वकीललाई निर्देशन दिन सक्ने व्यवस्था उक्त नियममा रहे भएको देखिदैन ।

महान्यायाधिवक्ताको कार्यालयबाट जारी पत्र व्यहोरामा नै *"लक्ष्मी थापाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी लक्षिराम घर्तिमगर समेत भएको कर्तव्य ज्यान मुद्दामा हाल प्रतिवादीहरु पक्राउ परी दैलेख जिल्ला अदालतबाट म्याद थप भई उक्त मुद्दाको अनुसन्धान कार्य जारी रहेको"* भन्ने उल्लेख भएको देखिन्छ । यसरी अदालतबाट अभियुक्तको म्याद थप भई

न्यायिक प्रक्रियामा रहेको अवस्थामा अनुसन्धान कार्यलाई थप सशक्त र प्रभावकारी बनाउन निर्देशन दिन पर्नेमा अनुसन्धान र अभियोजन प्रक्रिया अगाडि बढाउन नमिल्ने भनी महान्यायाधिवक्ताको कार्यालयबाट निर्णय गरी पत्राचार गर्नुलाई संविधान, कानून र फौजदारी न्यायका सिद्धान्तका साथै उक्त नियम १० (च) अनुकुल मान्न मिल्दैन । महान्यायाधिवक्ताको उक्त कार्यले फौजदारी अपराधको अनुसन्धान र अभियोजन तथा अदालतबाट हुने न्यायिक कारवाहीलाई नै अवरुद्ध गर्ने उद्देश्य लिएको देखिन्छ । विपक्षी महान्यायाधिवक्ताले आफुलाई प्राप्त संवैधानिक तथा कानूनी अधिकारको अन्यथा व्याख्या गर्दै फौजदारी न्याय पद्धतिको उद्देश्य वीपरीत अनुसन्धानकर्ताबाट भई रहेको अनुसन्धान तहकिकातलाई रोक्न निर्देशन दिन सक्ने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावली २०५५ को नियम १०(च) मा भएको नदेखिदा महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीललाई कानून बमोजिमको जिम्मेवारी सम्पादन गर्नबाट रोक्ने गरी जारी गरेको निर्देशनात्मक पत्र संविधान र प्रचलित कानून प्रतिकूल रहेको छ भने फौजदारी न्याय पद्धतिलाई निरर्थक, प्रभावहीन र विफल बनाउने रहेको मान्नु पर्ने हुन्छ । त्यसैले अनुसन्धान अधिकृतबाट भएका कामहरुमा अनुचित हस्तक्षेप गर्नुलाई कानूनसम्मत मान्न सकिदैन ।

निरोपित गर्नु पर्ने तेस्रो प्रश्न तर्फ विचार गर्दा, महान्यायाधिवक्ताले लिखित जवाफ पेश गर्दा निवेदन दावीको विवाद द्वन्द्वकालीन घटनासँग सम्बन्धित रहेको र त्यस्ता घटना नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (ध) तथा उक्त संविधानको अनुसूचीमा समावेश वृहत शान्ति संझौताको दफा ५.२.५ ले गरेको व्यवस्था अनुसार गठन हुने सत्य निरुपण तथा मेलमिलाप आयोगबाट हेरिने विषय भएको भन्ने जिकिर लिएको पाइन्छ । राज्यमा हुने अपराध र अपराधिक घटनाबाट आम नागरिकलाई संरक्षण गरी त्यस्ता कार्यबाट पीडितलाई न्याय सुनिश्चित गर्ने र अपराधीलाई दण्ड दिने प्रमुख दायित्व कार्यपालिकाको जवाफदेहिता अर्न्तगत पर्दछ । त्यस्तो अपराधिक कार्य भएमा नेपालको वर्तमान संविधान तथा प्रचलित कानून बमोजिम फौजदारी कसूरको अनुसन्धान तथा अभियोजनको दायित्व र जिम्मेवारी विपक्षीहरुमा रहेको हुन्छ ।

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ८ ले "Everyone has the right to an effective remedy by the competent national tribunals for acts violating the fundamental rights granted him by the constitution or by law" भन्ने व्यवस्था गरेको पाइन्छ ।

त्यसै गरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ को धारा २ को उपधारा ३ ले मानव अधिकारको उल्लंघनको प्रभावकारी उपचारको सुनिश्चित गर्ने सम्बन्धमा निम्न व्यवस्था गरेको पाइन्छ ।

Each State Party to the present Covenant undertakes:

(a) To ensure that any person whose rights or freedoms as herein recognized are violated shall have an effective remedy, notwithstanding that the violation has been committed by persons acting in an official capacity;

(b) To ensure that any person claiming such a remedy shall have his right thereto determined by competent judicial, administrative or legislative authorities, or by any other competent authority provided for by the legal system of the State, and to develop the possibilities of judicial remedy;

(c) To ensure that the competent authorities shall enforce such remedies when granted.

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ८ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ को धारा २ को उपधारा ३ ले मानव अधिकारको उल्लंघनको प्रभावकारी उपचारको सुनिश्चितता गर्ने अर्न्तराष्ट्रिय दायित्व सृजना गरेको पाइन्छ । संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ को पक्ष राष्ट्र भएकोले त्यस प्रकारको उपचारको सुनिश्चितता गर्नु नेपाल राज्यको दायित्व हुन आउदछ । नेपालमा करीब १२ वर्षसम्म चलेको द्वन्द्व अन्त्यका लागि द्वन्द्वरत पक्ष र तत्कालीन नेपाल सरकारको बीचमा २०६३।८।५ मा विस्तृत शान्ति सम्झौता भएको र उक्त सम्झौतालाई अन्तरिम संविधानको अनुसूचीमा समावेश गरिएको छ । विस्तृत

शान्ति संझौताको दफा ५.२.५ र संविधानको धारा ३३ (ध) ले द्वन्द्वोत्तर व्यवस्थापनका लागि उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था गरेको छ ।

द्वन्द्व पश्चातको व्यवस्थापन विशेष प्रकृतिको हुन्छ । त्यसमा द्वन्द्व रोकथाम, पुनर्उद्धार, पुर्नस्थापना, पीडितको संरक्षण, क्षतिपूर्ति तथा मेलमिलाप जस्ता विविध पक्षहरुमा बिशेष जोड दिइन्छ । यसै तथ्यलाई मनन गरेर यस अदालतद्वारा *राजेन्द्रप्रसाद ढकाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय समेत (ने.का.प २०६४ अंक २ नि.नं. ७८१७ पृष्ठ १६९) भएको वन्दीप्रत्यक्षीकरण मुद्दामा वेपत्ता छानवीन सम्बन्धमा आयोग गठनका विषयमा आवश्यक निर्देशन दिइएको तथा लिलाधर भण्डारी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय समेत (ने.का.प २०६५ अंक ९ नि.नं. ८०१२ पृष्ठ १०८६) भएको मुद्दामा संक्रमणकालीन न्यायका संयन्त्र निर्माणका विषयमा विपक्षी नेपाल सरकारका नाममा परमादेश जारी भएको पाइन्छ ।*

यसरी विभिन्न मुद्दामा यस अदालतले संक्रमणकालीन न्याय प्रबन्धका लागि आदेश जारी गरेको अवस्था समेत हुँदा द्वन्द्व व्यवस्थापनका लागि भईरहेको संविधानमा उल्लेखित शान्ति संझौता सम्बन्धी व्यवस्था कार्यान्वयन हुनु पर्दछ भन्ने कुरामा यस इजलासको फरक मत रहन सक्दैन । तर द्वन्द्वकालमा भएका हत्या हिंसा लगायतका मानव अधिकार उल्लंघनका सबै प्रकारका घटनाहरु संक्रमणकालीन न्याय व्यवस्थापनका माध्यमबाट अन्त्य हुन्छन् भन्ने होइन । द्वन्द्वकालमा भएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटना र फौजदारी अपराध कसूरहरुको अनुसन्धान र अभियोजन गर्न संक्रमणकालीन न्याय व्यवस्थाको प्रबन्ध भई नसकेको अवस्थामा नियमित फौजदारी न्यायप्रणाली स्थगन वा निष्कृय भएको संझन मिल्दैन ।

मुलुकलाई द्वन्द्वबाट शान्तिपूर्ण अवस्थामा रुपान्तरण गर्ने क्रममा २०६३।८।५ मा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओवादी बीच विस्तृत शान्ति संझौता सम्पन्न भएको र उक्त संझौतालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६(३) र सोसँग सम्बन्धित अनुसूचीमा समावेश भएकोमा विवाद छैन । अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ध) र विस्तृत शान्ति संझौताको दफा ५.२.५ ले संक्रमणकालीन न्याय व्यवस्थापनका लागि उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था गरेको भए तापनि अन्तरिम संविधान जारी भएको सात वर्ष व्यतीत भईसक्दा पनि संविधानको धारा ३३ को खण्ड

(ध) बमोजिम कानून निर्माण भई उक्त आयोगको गठन हुन सकेको छैन । उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन सम्बन्धी कानूनको अभावमा उक्त आयोगको कार्यक्षेत्रभित्र के कस्ता प्रकृतिका घटना वारदात पर्ने भन्ने कुराको किटान हुन सकेको छैन । यस्तो अवस्थामा द्वन्द्वकालीन घटना र वारदातको सम्बन्धमा कानून बमोजिम अनुसन्धान तथा अभियोजन गर्ने लगायतका कार्य सम्पादन गर्न नियमित फौजदारी न्याय प्रणाली निष्कृय भई रहन सक्दैन । लोकतान्त्रिक मुलुकमा कानून र न्याय प्रणाली कहिल्यै सुषुप्त हुदैनन् । कानून कहिल्यै शून्य हुदैन । फौजदारी अपराधको सूचना प्राप्त गर्ने, कानून बमोजिम अनुसन्धान र अभियोजन गर्ने लगायतका कार्य सम्पन्न गरी न्यायिक प्रक्रिया अगाडि बढ्दछ । नियमित फौजदारी न्याय प्रणाली स्थगन हुदैन गतिशील भईरहन्छ ।

मानवीय कानून वा मानव अधिकार उल्लंघनका सम्बन्धमा द्वन्द्वकालमा भएका गम्भीर कसूरहरु रोक्ने, ती कसूरहरु दोहोरिन नदिने, पीडितहरुको सुरक्षा र आत्मविश्वासको भावना जागृत गराउने, घटनावलीहरुको यथार्थ अभिलेख राख्ने, राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुर्नस्थापना गरी शान्ति बहालीमा योगदान पुऱ्याउनु नै संक्रमणकालीन न्याय व्यवस्थाको उद्देश्य रहेको हुन्छ । संक्रमणकालीन न्याय प्रणालीमा सत्य माथि प्रकाश पारी सकेपछि क्षमादानमा जोड दिइन्छ । विगतको आहत भविष्यमा नदोहोरियोस् र भावी सन्तति यसप्रकारका विभिषिकाबाट गुज्रन नपरोस भन्ने मान्यतामा कसैको दवाब र प्रभावबाट मुक्त भई पीडितले स्वतन्त्र रुपमा पीडकहरुलाई क्षमादान दिन सक्दछन् । यसमा विचारणीय कुरा के छ भने पीडकलाई क्षमादान दिने वा नदिने भन्ने कुरा द्वन्द्वका पीडित पक्षको चाहनामा भर पर्ने विषय हो । आफु विरुद्ध भएको अन्यायको उपचार खोज्न पीडित पक्ष पूर्णरुपमा सार्वभौम र स्वतन्त्र रहन्छन् । नागरिकको त्यस्तो नैसर्गिक अधिकारलाई संक्रमणकालीन न्यायप्रणालीले संकुचन वा नियन्त्रण गर्न सक्दैन ।

प्रचलित कानून र स्थापित न्यायिक मूल्य मान्यताका आधारमा उचित प्रक्रियाको अवलम्बन गरी पीडित पक्षले न्यायको अनुभूति गर्ने गरी फौजदारी कसूरको अनुसन्धान र अभियोजन गरिएन भने त्यस्तो समाजमा द्वन्द्वोत्तर व्यवस्थापन पश्चात पनि दिगो शान्ति कायम हुन सक्दैन । द्वन्द्वकालका सबै पीडितहरुले रोजेको न्याय पाउनु पर्दछ । पीडितले भोग्नु परेका

सबै प्रकारका आहतहरुलाई न्यायको दायरामा ल्याउनु पर्दछ । यसका लागि पीडितले रोजेको न्यायप्रणाली मार्फत न्याय पाउने अवसरको सुनिश्चितता हुनु पर्दछ । यस्तो कार्यमा राज्य उदासीन रुपमा बस्न पाउदैन । त्यसै गरी आरोपित पक्षले पनि स्वच्छ सुनुवाईको माध्यमबाट स्वतन्त्र र सक्षम न्यायिक निकायबाट आफु विरुद्धका आरोपहरुको खण्डन गर्ने र स्वच्छ सुनुवाईद्वारा न्याय प्राप्त गर्ने अवसर पाउनु पर्दछ । यस्तो न्यायिक अधिकारको सुनिश्चितताका लागि पनि द्वन्द्वकालमा भएका फौजदारी कसूर अपराध तथा गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरुलाई सामान्य फौजदारी न्याय प्रणालीको दायराभित्र ल्याउनलाई अन्यथा भन्न मिल्दैन ।

उल्लेखित विवेचना समेतका आधारमा द्वन्द्वकालका सबै फौजदारी कसूर र मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान र अभियोजनलाई विधिसम्मत प्रकृयाबाट सुचारु गर्नुपर्ने दायित्व भएका विपक्षी महान्यायाधिवक्ताले संविधान तथा प्रचलित कानून बमोजिमको आफनो कर्तव्य, दायित्व र जिम्मेवारी विपरित हत्या वारदातका सम्बन्धमा भई रहेको अनुसन्धान तथा तहकिकातको कार्यलाई द्वन्द्वसँग जोडेर स्थगन, नियन्त्रण र निष्क्रिय गर्न मिल्ने देखिदैन । यस्ता कार्य अन्तरिम संविधान २०६३ को धारा १३५ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, नियमावली २०५५ र सरकारी वकील सम्बन्धी नियमावली २०५५ ले महान्यायाधिवक्तालाई तोकेको काम, कर्तव्य, जिम्मेवारी र अधिकारको विपरित देखिन आउदछ ।

अव निवेदकले माग गरे बमोजिमको आदेश जारी हुने नहुने सम्बन्धमा विचार गर्दा, यी निवेदकले पत्रकार डेकेन्द्रराज थापाको मिति २०६१।४।२७ मा लछिराम घर्ती र केशव खड्का समेतका व्यक्तिले हत्या गरेको भनी निज डेकेन्द्रराज थापाकी श्रीमती लक्ष्मी थापाले मिति २०६५।५।६ मा दिएको किटानी जाहेरी बमोजिम प्रारम्भ भएको अनुसन्धान तथा तहकिकातको कार्यलाई स्थगन गर्न नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालयबाट भएको मिति २०६९।०९।२६ को निर्णय र उक्त निर्णय कार्यान्वयनका लागि लेखिएको मिति २०६९।०९।२७ को पत्रको कार्यान्वयन नगर्नु नगराउनु, अनुसन्धान प्रक्रिया स्थगन नगर्नु नगराउनु तथा उक्त घटना वारदातको अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्य अगाडि बढाउनु भनी परमादेश जारी गरी पाँउ भन्ने समेत निवेदकको माग दावी लिएको देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) ले महान्यायाधिवक्तालाई सरकारवादी मुद्दाको अभियोजन सम्बन्धमा सुम्पेको अधिकार उक्त संविधानको धारा १३५ को उपधारा (६) बमोजिम महान्यायाधिवक्ताले मातहत सरकारी वकीललाई मिति २०६३।१०।०१ को राजपत्रमा प्रकाशित सूचनाबाट प्रत्यायोजन गरेको देखिन्छ । त्यसरी प्रत्यायोजित अधिकार फिर्ता नलिएको अवस्थामा सो प्रत्यायोजित अधिकार अन्तर्गत सम्बन्धित सरकारी वकीलले स्वच्छ र स्वतन्त्र रुपमा अनुसन्धान गरी प्राप्त तथ्य र प्रमाणको आधारमा प्रचलित कानून बमोजिम मुद्दा चलाउने वा नचलाउने भन्ने अभियोजन सम्बन्धी अधिकार स्वतन्त्र रुपले प्रयोग गर्न सक्ने कुरामा विवाद हुन सक्दैन । कानूनमा स्पष्ट रुपमा व्यवस्था गरिएकोमा बाहेक अभियोजनकर्ता सरकारी वकीलको उक्त नियमित काममा महान्यायाधिवक्ता वा विभागीय प्रमुख समेतले हस्तक्षेप गर्न नमिल्ने र गरिएमा त्यस्तो हस्तक्षेप प्रचलित संविधान तथा कानूनको भावना प्रतिकूल हुने भनी माथि विभिन्न प्रकरणमा विवेचना गरी सकिएको छ ।

माथि उल्लेखित पत्रकार डेकेन्द्रराज थापालाई कानून विपरीत हत्या गरिएको उक्त ज्यान मुद्दाका अभियुक्तहरु पक्राउ परी पक्राउ परेका अभियुक्त लछिराम घर्तिमगर समेतलाई अदालतबाट हिरासतमा राख्न अनुमति प्राप्त भई घटनाका सम्बन्धमा अनुसन्धान तहकिकात प्रारम्भ भई रहेको अवस्थामा विपक्षी महान्यायाधिवक्ताको कार्यालयबाट द्वन्द्वकालको घटना भएकोले अनुसन्धान तहकिकात र अभियोजन लगायतका कार्य नगर्नु नगराउनु भनी मिति २०६९।९।२७ को निर्देशन सम्बन्धी पत्र जारी भए उपर परेको प्रस्तुत रीट निवेदनको सुनुवाई हुँदा यस अदालतबाट विपक्षीहरुका नाममा उक्त २०६९।९।२६ को निर्णय र २०६९।९।२७ को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी मिति २०६९।१०।०२ मा अन्तरिम आदेश जारी भएको देखिन्छ । सो अन्तरिम आदेश बमोजिम विपक्षीहरु मध्येका जिल्ला प्रहरी कार्यालय दैलेख र जिल्ला सरकारी वकील कार्यालय दैलेखबाट विपक्षी महान्यायाधिवक्ताको उक्त निर्देशन र पत्र अनुसार नगरी आवश्यक अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्य जारी राखी सम्बन्धित जिल्ला अदालतमा प्रतिवादीहरु उपर मुलुकी ऐन ज्यान सम्बन्धी महल अर्न्तगत दावी लिई ज्यान मुद्दा दायर भई सकेको र प्रतिवादीहरु अदालतको आदेश बमोजिम पुर्पक्ष निमित्त थुनामा

रहेको भनी सह न्यायाधिवक्ताले प्रस्तुत गरेको लिखित बहसनोटबाट देखिन्छ । निवेदकले अनुसन्धान र अभियोजन लगायतका प्रक्रिया अगाडि बढाउन माग गरेको घटना वारदातका सम्बन्धमा यस अदालतको अन्तरिम आदेशबाट सामान्य फौजदारी न्याय प्रणाली प्रभावी भईसकेको र उक्त मुद्दामा अनुसन्धान प्रक्रियाका सबै चरण पूरा भई अदालतमा अभियोगपत्र दायर भईसकेकोले मुद्दाको तथ्य र प्रमाणबाट ठहरे बमोजिम न्याय प्रदान कार्यले पूर्णता पाउने नै हुँदा प्रस्तुत रीट निवेदनको प्रयोजन नरहेको हुँदा निवेदन माग बमोजिमको आदेश जारी गरी रहनु पर्ने अवस्था विद्यमान देखिएन । तसर्थ निवेदन माग बमोजिमको कार्य सम्पन्न भई रिट निवेदनको प्रयोजन समाप्त भइसकेको देखिदा माग बमोजिमको रीट जारी गरी रहन परेन । प्रस्तुत निवेदन खारेज हुने ठर्हछ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटर गर्नेः रामशरण तिमिल्सिना

इति सम्वत् २०७० साल चैत्र १९ गते रोज ४ शुभम्..... ।